मा. फकिरा महतो
मन्त्री
निजी सचिवालय

Hon. PhakiraMahato
Minister
Personal Secretariat

मधेश प्रदेश सरकार
Government of Madhesh Province

गृह, सञ्चार तथा कानुन मन्त्रालय
Ministry of Home Affairs, Communication and Law
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham, Dhanusha, Nepal

फोन नं. ९८५४०३५४०४

# प्रेस विज्ञप्ति

मधेश प्रदेशका विभिन्न सरकारी कार्यालय, सार्वजनिक सेवा प्रवाह, बजार तथा व्यावसायिक क्षेत्रमा देखिएका बेथिति, अनियमितता, ढिलासुस्ती, गैरजिम्मेवार कार्यशैली तथा सेवाग्राही एवं उपभोक्ताको हकहितविपरीतका गतिविधिप्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको छ।

प्रदेश सरकार सुशासन, पारदर्शिता, जवाफदेहिता, प्रभावकारी सेवा प्रवाह तथा नागरिकको हकहित संरक्षणप्रति पूर्ण प्रतिबद्ध रहेको छ। सरकारी कार्यालयबाट प्रवाह हुने सेवामा अनावश्यक ढिलासुस्ती गर्ने, सेवाग्राहीलाई दु:ख दिने, जिम्मेवारीप्रति लापरवाही गर्ने, कानुन तथा निर्धारित प्रक्रिया उल्लङ्घन गर्ने वा सार्वजनिक सेवाको मर्यादाविपरीत कार्य गर्ने प्रवृत्तिमाथि कडा निगरानी तथा अनुगमन भइरहेको छ। यसैगरी, होटल तथा रेस्टुरेन्ट, पसल, औषधि पसल तथा फार्मेसी, अस्पताल तथा स्वास्थ्य संस्था, विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रम, खाद्य तथा पेय पदार्थको उत्पादन एवं बिक्री–वितरणलगायत नागरिकको दैनिक जीवन तथा स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण क्षेत्रको सूक्ष्म, नियमित तथा प्रभावकारी अनुगमन भइरहेको छ।

कानुन तथा निर्धारित मापदण्डविपरीत सञ्चालनमा रहेका संस्था वा व्यवसाय, गुणस्तरहीन वा म्याद गुज्रिएका तथा मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्य तथा उपभोग्य सामग्री बिक्री–वितरण गर्ने, कृत्रिम रूपमा मूल्यवृद्धि गर्ने, तोकिएको मूल्यभन्दा बढी रकम असुल गर्ने, सेवाग्राही तथा उपभोक्तालाई ठगी गर्ने वा सार्वजनिक स्वास्थ्य तथा जनहितमा प्रतिकूल असर पार्ने कार्य कुनै पनि अवस्थामा स्वीकार गरिने छैन।

अनुगमन तथा निरीक्षणका क्रममा कानुनविपरीतका गतिविधि वा सेवाग्राही तथा उपभोक्ताको हकहितमा प्रतिकूल असर पार्ने कार्य भएको पाइएमा सम्बन्धित व्यक्ति, व्यवसायी, संस्था वा जिम्मेवार पदाधिकारीमाथि प्रचलित कानुनबमोजिम तत्काल आवश्यक कारबाही अगाडि बढाइनेछ। साथै, सरकारी तथा गैरसरकारी सेवा प्रदायक, उद्योगी, व्यवसायी, होटल तथा रेस्टुरेन्ट सञ्चालक, अस्पताल तथा फार्मेसी सञ्चालक, विद्यालय तथा सम्बन्धित सम्पूर्ण सरोकारवालालाई आफ्नो पेशा तथा व्यवसायप्रति नैतिक, इमानदार, जिम्मेवार र जवाफदेही हुँदै प्रचलित कानुन, मापदण्ड तथा निर्धारित मूल्य र गुणस्तरको पूर्ण पालना गरी सेवा तथा व्यवसाय सञ्चालन गर्न प्रदेश सरकार हार्दिक अनुरोध गर्दछ।

**"कानुनको पालना गर्नु सबैको दायित्व हो। नागरिकको स्वास्थ्य, सुरक्षा, अधिकार र सार्वजनिक हितमाथि खेलवाड गर्ने कुनै पनि व्यक्ति वा संस्थालाई कानुनभन्दा माथि राखिने छैन।"**

२०८३।४।२९

फकिरा महतो
गृह, सञ्चार तथा कानुन मन्त्री
मधेश प्रदेश सरकार

मिति: २०८३।०४।२९